CHAR BHANJYANG TAMU SAMAJ UK
चार भञ्ज्याङ्ग तमु समाज यु.के.
Registered UK Charity no. 1151044
www.charBhanjyang.com

*

Email: chandragrg4207@gmail.com

सम्माननीय स्वास्थ्य मन्त्रीज्यू
नेपाल सरकार ,
मार्फत महामहिम कार्यबाहक राजदूत
नेपाली राजदूतावास
लन्डन

१५ सेप्टेम्बर २०१५

महोदय,

**बिषय: Telemedicine Link बारे ।**

चार भन्ज्यांग तमु समाज यू.के. नेपाल र बेलायतमा परोपकारी संस्थाको रुपमा दर्ता भएको संस्था हो। हामीले पर्बत, ठाना मौला गा. वि. स. खाल्टेमा २०१३ ई. स. अप्रिल देखि Telemedicine Clinic संचालन मा ल्याएका छौं। यसको निर्माणको सम्पूर्ण खर्च बेलायतमा मूख्य कार्यलय रहेको Swinfen Charitable Trust द्वारा गरिएको थियो। स्थापनाको प्रारम्भदेखि नै यो क्लिनिक ले विभिन्न असाध्य रोगले ग्रस्त हजारौं व्यक्तिहरुलाई स्वास्थ्य उपचार पुरयाउदै आएको छ। यसले नवजात शिशु देखि १०६ वर्षकी बृद्दा सम्मलाई उपचार गरे सकेको छ। उक्त स्वास्थ्य केन्द्रले पर्बत मात्र नभएर बाग्लुङ्ग सम्मका व्यक्तिहरुलाई विविध स्वास्थ्योपचार पुरयाई रहेको छ। यो सुबिधा बाट श्वासथ उपचार मात्र नभै दुई देश को मैत्री पूर्ण सम्बन्ध लाई पनि बलियो पुर्यएको छ।

मन्त्रीज्यू , संरक्षिका राजकुमारी Ann होइ बक्सेको यो संस्थाले संसार भरका करिब ७३ वटा देशमा २९९ अस्पताल मा Telemedicine Link र ६७६ भन्दा बढी स्वयं सेवक स्वास्थ्य विशेषज्ञहरु मार्फत Telemedicine सेवा उपलब्ध गराउँछ। यो सेवा पर्बत, ठाना मौला गा. वि. स. खाल्टेमा बाहेक पाटन हस्पिटल र तानसेन हस्पिटलमा दशकौं देखि संचालनमा छ भने अरु १५ श्वासथ केन्द्र हरु मा जडान भईसकेको छ । हालै नेपालमा भएको महा भूकम्पका पिडितहरुलाई आवश्यक पर्ने दिर्घकालिन स्वास्थ्योपचारको बारेमा यस संस्थाका निर्देशक, बेलायति उपल्लो सदनका सदस्य सम्माननीय Lord Roger Swinfen मा हामीले कुरा राख्दा वहाँले सहर्ष सहयोग गर्ने वचन दिनु भएको कुरा पनि जाहेर गर्न चाहन्छु। यो सुविधा नितान्त निशुल्क उपलब्ध गराइने छ। आवश्यक परेमा Swinfen App सहितको Mobile फोन र यसको लागि आवश्यता पर्ने Digital Camera पनि Swinfen Charitable Trust बाट उपलब्ध उपलब्ध गराउन सकिने छ।

सम्माननीय मन्त्रीज्यूले सबै स्वास्थ्य केन्द्रहरुमा (विशेषगरी दुर्गम स्थान) यो सेवा चलाउन आदेश दिनु भएमा हामीलाई अझ सरल हुने र अत्यधिक जनताले यो सेवा उपभोग गर्न पाउने छन् भन्ने हाम्रो मान्यता छ। मन्त्रीज्यूको सकारात्मक उत्तरको प्रतिक्षामा

भवदीय,

ह. ले. चन्द्र बहादुर गुरुङ
अध्यक्ष चार भन्ज्यांग तमु समाज यू. के.

पुनश्च: सम्माननीय को पत्र यसै पत्रमा नत्थी गरी पठाएको छु